बान्नीगढी जयगढ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ७ संख्याः ८ मितिः २०८०/११/३०

## भाग – २

# बान्नीगढी जयगढ गाउँपालिका

## बान्नीगढी जयगढ गाँउपालिकाको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यवस्थापन सम्वन्धी कार्यविधि २०८०

गाउँसभाबाट स्विकृत मितिः- २०८०/११/३०

राजपत्रमा प्रकाशित मितिः- २०८१/०१/०६

**प्रस्तावनाः**

बान्नीगढी जयगढ गाउँपालिकाद्वारा एम्बुलेन्स सेवालाई सरल भरपर्दो र व्यबस्थित गर्न तथा एम्बुलेन्सलाई जनताको पहुँचसम्म पुऱ्याई सेवाको गुणस्तर बृद्धि गर्नुपर्ने भएकोले बान्नीगढी जयगढ गाउँपालिकाको

प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७४ को दफा (४) को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी बान्नीगढी जयगढ गाउँपालिकाले यो कार्यविधि जारी गरेको छ ।

## १. संक्षिप्त नाम र प्रारम्भः

(क) "बान्नीगढी जयगढको एम्बुलेन्स सेवा सञ्चालन तथा व्यबस्थापन कार्यविधि,२०८०" रहेको छ ।

(ख) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

## २. परिभाषाः

विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

१. "एम्बुलेन्स" भन्नाले विरामी ओसार पसार ल्याउने/पुऱ्याने वाहनलाई सम्झनु पर्नेछ ।

२. "एम्बुलेन्स जनशक्ति" भन्नाले एम्बुलेन्समा उपस्थित रहने एम्बुलेन्स चालकलाई सम्झनु पर्दछ ।

३. "संस्था" भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्ने बान्नीगढी जयगढ गाउँपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

४. "समिति" भन्नाले एम्बुलेन्स सेवा सञ्चालन गर्न गठन भएको समितिलाई सम्झनु पर्दछ ।

५. "शुल्क" भन्नाले एम्बुलेन्स प्रयोग गरेबाफत सेवाग्राहीले बुझाउनु पर्ने, समितिले तोके बमोजिम र आर्थिक ऐनमा उल्लेख भएको रकम तथा शुल्कलाई सम्झनु पर्दछ ।

६. "सेवा" भन्नाले एम्बुलेन्सले आकस्मीक वा अन्य गम्भीर प्रकृतिका स्थानीय स्तरमा उपचार हुन नसकी सुविधा सम्पन्न अस्पतालसम्म लिने र ल्याउने सम्पूर्ण सेवा सम्झनु पर्दछ ।

## ३. बान्नीगढी जयगढ गाउँपालिकाको काम र कर्तव्यः

१. प्रचलित कानुनमा उल्लेख भए बमोजिम शर्तहरुको पालना गरी समितिको समन्वयमा एम्बुलेन्स सेवा संचालन गर्नुपर्ने ।

२. समितिले तोके बमोजिम वा आर्थिक ऐनमा उल्लेख भएको भाडा रकम लिई सोको बिल सेवाग्राहीलाई उपलब्ध गराउने ।

३. विरामीलाई विरामी भएको ठाउँ वा घटनास्थलबाट अस्पताल वा उपचार स्थलसम्म वा चिकित्सक वा स्वास्थ्य संस्थाले सिफारिस गरे बमोजिम विरामीको बासस्थान सम्म पुर्याउनको लागि मात्र एम्बुलेन्सको प्रयोग गर्नु पर्दछ ।

४. एम्बुलेन्स सेवा विषेश अवस्था बाहेक अन्य अवस्थामा निःशुल्क प्रदान गरिनेछैन ।

५. कुनै पनि बहानामा एम्बुलेन्स सेवाबाट कसैलाई पनि बञ्चत गर्न पाईने छैन ।

६. एम्बुलेन्स सेवा २४ घण्टा सेवा प्रदान गर्ने हालतमा राख्नु पर्नेछ ।

७. एम्बुलेन्स सेवा प्रदान गरे बाफत प्राप्त आम्दानीको अभिलेख राख्नु पर्नेछ ।

८. एम्बुलेन्स सेवा संचालनबाट प्राप्त भएको आम्दानी र खर्चको विवरण तयार गरी प्रत्येक २/२ महिनामा एम्बुलेन्स संचालक समितिलाई जानकारी गराउनु पर्नेछ ।

९. गाउँपालिकाको कार्यालयबाट प्राप्त निर्देशनलाई समितिले अक्षरस पालना गर्नु पर्नेछ ।

## ४. एम्बुलेन्सको मापदण्ड तथा बर्गीकरणः

१. राष्ट्रिय प्रदुषण मापदण्ड अनिवार्य रुपमा पालना गर्नुपर्नेछ।

२. एम्बुलेन्सको पहिचान हुनेगरी साईरन बत्तिजडान फोर ह्वील ड्राईभ भएको हुनु पर्नेछ।

३. एम्बुलेन्समा एम्बुलेन्स शब्द गाउँपालिकाको नाम र चालकको टेलिफोन नम्वर अंग्रेजी नेपाली दुबै भाषामा लेखिएको हुनु पर्नेछ ।

४. एम्बुलेन्सको वर्गिकरण खुल्ने गरी बर्ग उल्लेख भएको हुनु पर्नेछ ।

५. एम्बुलेन्सको १००० सी सी भन्दा बढी भएको हुनु पर्नेछ ।

६. एम्बुलेन्स चालकको सिट पछाडि कुनै पनि सिट नराखेको हुनु पर्नेछ ।

७. तोकेको भाडादर प्रमाणित गराई एम्बुलेसको भित्रपट्टी देखिने गरी कुनै भागमा टाँस गर्नुपर्नेछ ।

## ५. एम्बुलेन्स सेवा संचालनको क्षेत्र सुविधाः

यस बान्नीगढी जयगढ गाउपालिकाको कार्यालयबाट आवश्यकता अनुसार जुन सुकै ठाउमा पनि एम्बुलेन्स सेवा सञ्चालन गरिनेछ ।

## ६. एम्बुलेन्स सञ्चालनबाट आम्दानी रकमको व्यबस्थापनः

कार्यालयको नगदी रसिद एम्बुलेन्स चालकलाई दिने र उक्त रसिदबाट आम्दानी भएको रावश्व रकम बान्नीगढी जयगढ गाउँपालिका कार्यालयको आनतरिक राजश्व खातामा जम्मा गर्ने ।

## ७. एम्बुलेन्स सेवा संचालन समिति

गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट एक जना संयोजक र १ जना सदस्य मनोनित सहित एम्बुलेन्स सेवा सञ्चालन व्यवस्थापन तथा अनुगमन गर्न देहायको पदाधिकारीहरु भएको एम्बुलेन्स सेवा सञ्चालक समिति रहनेछ ।

गाउँ कार्यपालिका सदस्यहरु मध्येबाट कार्यपालिकाले तोकेको १ जना-संयोजक

गाउँ कार्यपालिका सदस्यहरुमध्ये बाट १ जना महिला सहित कार्यपालिकाले मनोनित गरेका २ जना -सदस्य

स्वास्थ्य शाखा प्रमुख १ जना-सदस्य

जिन्सी व्यवस्थापन शाखा प्रमुख १ जना-सदस्य

महिला तथा जेष्ट नागरिक शाखा १ जना -सदस्य

राजश्व शाखा प्रमुख १ जना - सदस्य सचिव

## ८.एम्बुलेन्स सेवा शुल्कः

१.यस गाउँपालिका भित्रका गर्भवती महिलाहरुलाई सुरक्षित तरिकाले बच्चा जन्माउन नसक्ने देखि स्वास्थ्य चौकी तथा जिल्ला भित्रका अस्पतालहरुले रेफर गरेका महिलाहरुलाई घरबाट प्रसुति केन्द्र सम्म लैजान छोटो होस वा लामो दुरी होस एम्बुलेन्स सेवा निःशुल्क गर्ने र कुनै पनि विपत दुर्घटना,प्राकृतिक प्रकोपको समयमा एम्बुलेन्स सेवा निःशुल्क गर्ने ।

२.यस गाउँपालिका भित्रका जेष्ट नागरिकहरुको औषधी उपचार गर्नु पर्ने भएमा स्वास्थ्य चौकीले रेफर गरेकोमा बयालपाटा र मंगलसेन अस्पताल सम्म लैजान एम्बुलेन्स सेवा निःशुल्क गर्ने ।

३. एम्बुलेन्स सेवा सञ्चालनक समितिले तोकेको भाडा दरलाई एम्बुलेन्स सेवा शुल्क बुझ्नु पर्दछ । उक्त भाडादरको विषयमा दुरी वर्गिकरण तथा छलफल गरे पश्चात एम्बुलेन्स सेवा सञ्चालन शुल्कको दररेट गाउँपालिका कार्यालयको आर्थिक ऐनमा उल्लेख भए अनुसार हुनेछ ।

## ९.एम्बुलेन्स चालकको नियुक्ती सम्वन्धमाः

१.रितपूर्वक सवारी चालक अनुमती पत्र लिएको ।

२.सवारी चालकको रुपमा न्यनतम ५ वर्षको अनुभव भएको ।

३.कम्तिमा २४ वर्ष उमेर पुरा भएको ।

४.आकस्मिक उपचार समन्वय समितिले तोके बमोजिम प्राथमिक उपचारको तालिम प्राप्त गरेको ।

## १०.एम्बुलेन्स रहने स्थान र एम्बुलेन्सको मर्मत सम्भारः

१.एम्बुलेन्स गाउँपालिका कार्यालय वा वडा कार्यालयको पायक पर्ने स्थानमा सुरक्षा व्यबस्था सुनसश्चित गरी राख्नु पर्नेछ ।

२.एम्बुलेन्सको नियमित मर्मत सम्भार गर्ने जिम्मेवारी चालकको हुनेछ ।

**११.एम्बुलेन्स चालकको मासिक तलब, भत्ता, र पारिश्रामिक निर्धारण सम्वन्धमाः** एम्बुलेन्स चालकको मासिक तलव, भत्ता, र पारिश्रामिक समितिको सिफारिस अनुसार गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

**१२.एम्बुलेन्स चालकले पालना गर्नुपर्ने आचारसंहिताः** एम्बुलेन्स चालकले कार्यालयले जारी गरेको आचारसंहिता पूर्ण रुपमा पालना गर्नुपर्नेछ ।

**<u>आज्ञाले,</u>**

...............................

बसन्त बहादुर रावल

नि. प्रमुख प्रशासकीय अधिकृत